“सहभागिता, पारदर्शिता र जवाफदेहीताका लागि”

चौदण्डिगढि नगरपालिकाको  आयोजनामा राष्ट्र र समाजको लायि योजना र कार्य (पानस) उदयपुरको सहजिकरणमा संचालन भएको चौदण्डीगढी नगरपालिका कार्यालय उदयपुरको आ.ब.०७७/०७८ को तेस्रो चौमासिक अवधिको

सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०७८/०३/२७ बेल्टार




संचालन/सहजिकरण:
पानस उदयपुर

आयोजक:
चौदण्डीगढी नगरपालिका उदयपुर

चौदण्डिगढि नगरपालिकाको आयोजनामा राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरको सहजीकरणमा चौदण्डिगढि नगरपालिका वडा नम्बर ७ बेल्टार सिटि हलमा आ.ब.०७७/७८ को तेस्रो चौमासिक अवधिको सम्पन्न सार्वजनिक सुनुवाई कार्यकमको प्रतिवेदन
२०७८/०३/२७ बेल्टार

पृष्ठभुमि :
स्थानीय स्वायत्त शासन ऐन २०५५, को परिच्छेद ८ ले नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको र दफा २३६ बमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ 'घ' ले यस्तो रकम प्रवाह गर्दा न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरूको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरूलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ । सो व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकार स्थानीय निकाय वित्तीय आयोगले "नगरपालिकाका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६" तर्जुमा गरी लागू गरेको छ ।
नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित ),२०६६ जारी गरिएको छ । उक्त कार्यविधि अनुसार कार्यसम्पादन मापन कार्यक्षेत्र समुह नं.१ स्थानीय शासन सुचक नं.८ पुरा गर्न,नगरपालिकाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नु पर्ने हुन्छ । कार्यविधि अनुसार स्थानीय निकायले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन एक जना सार्वजनिक सुनुवाइ सहजकर्ताको व्यवस्था गर्नुपर्नेछ । चौदण्डि नगरपालिका उदयपुरले सोहि अनुरुप राष्ट र समाजका लागि योजना र कार्य पानस उदयपुरको सहजीकरणमा आर्थिक **वर्ष ०७७/७८ को तेस्रो चौमासिक** अवधिको सार्वजनिक सनुवाई कार्यक्रम **२०७८/०३/२७** गतेका दिन चौदण्डिगढि नगरपालिका ७ बेल्टार सिटि हलमा संचालन गरि सम्पन्न गरेको छ । राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरले सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको निम्न अनुसार प्रतिवेदन तयार गरि नगरपालिकमा पेस गरेको ब्यहोरा अनुरोध छ ।
सार्वजनिक सुनुवाइको उद्देश्य :
१ चौदण्डिगढि नगरपालिका उदयपुर बाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि वा असन्तुष्टि जानाउने ।
२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।
४ न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सुचक पुरा गर्ने ।
५ सुशासन संस्कारको बिकास गर्ने ।

कायक्रमको संक्षिप्त जानकारी :
सार्वजनिक सुनुवाइ संयोजन गर्ने : राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरको
सुनुवाई गरिएका विषयवस्तुहरुः
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

कार्यक्रम आयोजना स्थल :– चौदण्डिगढि नगरपालिका बेल्टार सिटि हल
कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७८ असार २७

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : तीन घण्टा

उपलब्धिहरु :
चौदण्डिगढि नगरपालिका उदयपुरको सामाजिक जिम्मेवारी प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने नगरपालिकाको सामाजिक दायित्वमा टेवा पुगेको छ।
कार्यविधि र प्रकृया :
१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गर्ने,
२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने
३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने
४ नगरपालिकालाई प्रतिवेदन बुझाउने

सहभागीहरु : तपशिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा १०० जनाको सहभागिता रहेको थियो ।
नगरपालिकाका जनप्रतिनिधिहरु,नगरपालिका पदाधिकारी अन्य बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु, सरोकार राख्ने नागरिकहरु,पेशा तथा ब्यवसायिहरु,संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु,वडा नागरि मंच,टोल बिकास संस्था,सामाजिक परिचालकहरु ।
कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो,कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रो लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| (१) नगरपालिकामा काम लिएर आउदा काम समय हुने गरेको छ<br>(२) कर्मचारीको राम्रो व्यवहार भएको<br>(३) कुनै कागजात कमी भएमा नगरका कर्मचारीले राम्रो संग जानकारी दिने<br>(४) कोरोनाको समयमा राहत वितरण गरेको राम्रो पाईयो<br>(५) चौदण्डिगढि नगरपालिका क्षेत्रमानै कोभिड अस्पताल निर्माण भएर संचालन भएको<br>(६) आवश्यक जानकारी माग्दा कर्मचारी र जनप्रतिनिधिले राम्रो संग जानकारी दिने गरेको<br>(७) नगर क्षेत्रमा विकास निर्माणको काम क्रमिक रुपमा हुदै गरेको छ | (१) नगर क्षेत्रमा सिचाईको व्यवस्था गरिनु पर्छ<br>(२) सडकको व्यवस्था हुनु पर्‍यो<br>(३) विपन्न वर्गको लागि पनि बजेट छुट्याईनु पर्‍यो<br>(४) खोलामा तटबन्धको दिगो व्यवस्थापन गरिनु पर्छ<br>(५) शिपमुलक तालिम दिईदा सबैलाई जानकारी दिईनु पर्छ<br>(६) नगर क्षेत्रमा एक घर एक रोजगार भए राम्रो हुने थियो<br>(७) नगरपालिकाको सार्वजनिक शौचालय, क्यान्टीनको राम्रो व्यवस्थापन गरिनु पर्ने<br>(८) एउटा कामको लागि चार पाच पटक सम्म धाउनु नपरे हुने थियो<br>(९) विकास निर्माणका बजेटको सहि सदुपयोग हुनु पर्‍यो<br>(१०) चौनपा ६ र ७ मा पर्ने द्वार खोलामा क्षेत्रफल छुट्याई दुवै पटिको किरार आरसिटि ढलान गरी व्यवस्था गर्नु पर्ला<br>(११) मरुभुमी जस्तो ठाउँमा डिप बोरिङ जडान गर्नुपर्ने<br>(१२) खानेपानीको राम्रो व्यवस्थापन हुनु पर्छ<br>(१३) बजेटको राम्रो संग सुनुवाई हुनुपर्छ, योजना निर्माण प्रभावकारी गरिनु पर्छ<br>(१४) नगरबाट हुने काम एक्लौटी नहोस, फरक पार्टीलाई पनि समेटिनु पर्छ<br>• |

# चौदण्डिगढि नगरपालिकाको विभिन्न
# संचार माध्यम तथा सामाजिक संजालमा प्रकाशित गतिविधिहरु

चौदण्डीगढी नगरपालिका को अनुदानमा हाते ट्याक्टर प्रदान ।



GAUPALIKA.COM

**चक्लाबन्दी खेतीको लागी चौनपा द्वारा हाते ट्र्याक्टर प्रदान**

अन्जनी कुमार अधिकारी उदयपुर। चौदण्डीगढी नगरपालिकाको अनुदानमा च...

चौदण्डीगढी नगरपालिका द्वारा नश्ल सुधारको लागि बोयर जातको बोका वितरण



GAUPALIKA.COM

**चौदण्डीगढी नगरपालेका द्वारा नश्ल सुधारको लागि बोयर जातको बोका वितरण**

विपन्न परिवारमा चौदण्डीगढी नगरपालिकाको साथ र सहयोग



AMURTAONLINE.COM

**विपन्न परिवारमा चौदण्डीगढी नगरपालिकाको साथ र सहयोग - Amurta Online**

चौदण्डीगढी नगरपालिकाले कोरोना परिक्षणको दायरा बढायो
कोभिड अस्पतालमा परिक्षण गराउनेको भिड



GAUPALIKA.COM

**चौदण्डीगढी नगरपालिकाले कोरोना परिक्षणको दायरा बढायो**

लाटीखोलामा आस्थायी ट्रस्टब्रिज निर्माण सुरु



GAUPALIKA.COM

**लाटीखोलामा आस्थायी ट्रस्टब्रिज निर्माण सुरु**

बेल्टार । चौदण्डीगढी नगरपालिका यतीबेला बर्षे बिकासमा तिब्ररुपमा जुटिरहे...



PALIKAKHABAR.COM

**चौदण्डीगढीले थप्यो एकै दिन २ नयाँ एम्बुलेन्स**

नगरपालिकाले नगरको १० वटे वडामा स्वास्थ्य संस्था सञ्चालनमा ल्याएसँगै एम्बुले...

चौदण्डिगढि नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई २०७८ असार २७ गते चौदण्डिगढि नगरपालिका ७ सिटि हलमा आयोजित कार्यक्रमको केहि झलकहरु









